**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत**
**माननीय न्यायाधीश श्री सुष्मालता माथेमा**

**फैसला**

**०७४-RB-०३०४**

**मुद्दाः- आयकर।(०६३/०६४)**

ठुला करदाता कार्यालय हरिहरभवन, ललितपुर ....................................१ — पुनरावेदक

विरुद्ध

राष्ट्रिय बाणिज्य बैङ्क सिंहदरबारप्लाजा, काठमाडौं ................................१ — प्रत्यर्थी

**०७४-RB-०३०७**

राष्ट्रिय बाणिज्य बैङ्क सिंहदरबारप्लाजा, काठमाडौं ..................................१ — पुनरावेदक

विरुद्ध

आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौं ...................................१ — प्रत्यर्थी
ठुला करदाता कार्यालय .............................................................१

**सुरु तहमा निर्णय गर्ने पदाधिकारीः-** प्रमुख कर प्रशासक सुरेश प्रधान
ठुला करदाता कार्यालय, काठमाडौं
निर्णय मितिः- २०६८।६।२९

**पुनरावेदन तहमा फैसला गर्ने** :- माननीय अध्यक्ष श्री दिपककुमार कार्की
लेखा सदस्य श्री भोलाप्रसाद खकुरेल
राजस्व सदस्य श्री यज्ञबल्क उपाध्याय
राजस्व न्यायाधिकरण काठमाडौं
फैसला मितिः-२०७०।०६।०३

राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ बमोजिम (ख)(घ) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ६५(३) बमोजिम पुनरावेदन दर्ता गर्ने अनुमति प्राप्त भई पुनरावेदनको रोहमा दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यसप्रकार रहेको छः-

**<u>तथ्य खण्ड</u>**

१. राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेडले आर्थिक वर्ष २०६३/०६४ को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार नोक्सानी रु.४,५४,३९,१९,६३४।- कायम गरी ठुला करदाता कार्यालयमा मिति २०६५।२।२३ मा आय विवरण पेस गरेको।

२. करदाताबाट पेस भएको आर्थिक वर्ष २०६३/०६४ को आय विवरणको विस्तृत छानबिन गर्ने क्रममा खाता, वही, बिल, भौचर, प्रमाण र फाँटवारी आदि परीक्षण गर्दा ऐनबमोजिम कट्टी गर्न नपाउने देखिएको खर्च रकम छुट नदिई संशोधित कर निर्धारण गर्नुपर्ने देखिएको हुँदा सोबमोजिम गर्नु नपर्ने भए त्यस सम्बन्धमा सवुद प्रमाण भए १५ दिनभित्र पेस गर्नु भनी ऐनको दफा १०१(६) बमोजिम प्रत्यर्थी कार्यालयको तर्फबाट करदातालाई मिति २०६८।६।१ मा सूचना दिइएको।

३. मिति २०६८।६।१ को सूचनामा उल्लिखित रकमको सम्बन्धमा आर्थिक वर्ष ०५९/०६०, ०६०/०६१ तथा ०६१/०६२ को आन्तरिक राजस्व विभागको निर्णयउपर राजस्व न्यायाधिकरणमा पुनरावेदन परेको र सो विषय हालसम्म पनि विचाराधीन हुँदा हामीले दाबी गरेको नोक्सानी कायमै राखी दिनु हुन अनुरोध छ। आन्तरिक राजस्व विभागको निर्णयउपर राजस्व न्यायाधिकरण काठमाडौंमा पुनरावेदन परी विचाराधीन छ। पेन्सन तथा उपदान कोष, औषधी उपचार लगायतको रकम कर्मचारी सुविधा योजनाहरु बापतको दायित्वहरुको विमाङ्क मूल्याङ्कनकर्ताबाट यकिन गराएर मात्र सो बापत खर्च गर्ने व्यवस्था गरिएको छ। साथै, अन्य रकमहरु समेत बैङ्कको आय आर्जनसँग सम्बन्धित हुँदा खर्च कट्टी पाउनु पर्छ भन्ने राष्ट्रिय बाणिज्य बैङ्कले प्रत्यर्थी कार्यालयमा मिति २०६८।६।२६ मा दर्ता गराएको जवाफ।

४. करदातको यस आर्थिक वर्ष ०६३/०६४ को लागि रु.४९,०३,५१,६९९।- करयोग्य आय कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम संशोधित कर निर्धारण

गरी सोही ऐनको दफा १०२ बमोजिम करदातालाई सूचना दिने भनी ठुला करदाता कार्यालयबाट मिति २०६८।६।२९ मा भएको निर्णय अनुसार करदाता राष्ट्रिय बाणिज्य बैङ्कको नाममा संशोधित कर निर्धारणको सूचना जारी भएको।

५. सो कर निर्धारण आदेशउपर करदाता बैङ्कको विभागको महानिर्देशकसमक्ष निवेदन परेकोमा निवेदन जिकिर नपुग्ने भनी आन्तरिक राजस्व कार्यालयबाट मिति २०६९।३।४ मा निर्णय भएको।

६. ठुला करदाता कार्यालयको मिति २०६८।६।२९ तथा आन्तरिक राजस्व विभागको मिति २०६९।३।४ को निर्णय अनुसार निम्न रकमलाई थप आय कायम गरी संशोधित कर निर्धारण गर्ने गरी गरिएको निर्णय न्याय र कानूनसम्मत नहुँदा उक्त आदेश र निर्णय उल्टी गरी न्याय पाउँ भन्ने राजस्व न्यायाधिकरण, काठमाडौंमा परेको राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेडको पुनरावेदनपत्र।

**<u>संशोधित कर निर्धारणमा थप आय कायम गरिएको रकम</u>**

| | |
|---|---|
| १. गत वर्षको नोक्सानी खर्च रकम- | रु.२,५०,९५,७५,३९८।- |
| २. पेन्सन उपदान लगायतको रकम- | रु.२,५२,४६,९५,९३५।- |
| ३. अग्रिम कर रकम अन्तर्गत लेखा परीक्षण खर्चमा स्रोतमा कर कट्टी रकम- | रु.२,५१,४५५।- |
| ४. कर्मचारीलाई सहुलियत दरमा सापटी दिएको रकममा- | रु.५,८४,५५,५८९।- |
| ५. पोसाक खर्चमा अग्रिम कर- | रु.२,५३,४०,५७०।- |
| ६. पारिश्रमिक आयमा अग्रिम कर- | रु.५,१९,९६,६८५।- |

७. यसमा नोक्सानी कट्टी दाबी अमान्य गर्ने गरेको सुरु कार्यालयको निर्णय फरक पर्न सक्ने अवस्था हुँदा अ.बं. २०२ नं.बमोजिम छलफलको लागि सरकारी वकिल, आन्तरिक राजस्व विभागलाई पेसीको सूचना दिई नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०७०।२।२६ को आदेश।

८. नोक्सानी कट्टी नदिएको हकमा सुरु कार्यालयबाट भएको निर्णय मिलेको नदेखिएकोले उल्टी हुने तथा २०६३/०६४ मा अवकाश प्राप्त कर्मचारीहरुलाई भुक्तानी भएको पेन्सन र

उपदान रकम रु.२,५२,४६,९५,९३५।- को हकमा आन्तरिक राजस्व विभागको मिति २०७०।३।३१ को निर्णयबाट खर्च कट्टी दिने निर्णय भएको देखिँदा एकरुपता कायम गर्न खर्च कट्टीको लागि लेखी पठाउने एवम् पोसाक भत्ता समेतमा अग्रिम कर, अग्रिम कर रकम अन्तर्गत लेखा परीक्षण खर्चमा स्रोतमा कर कट्टी, कर्मचारीलाई सहुलियत दरमा सापटी दिएको रकममा अग्रिम कर तथा पारिश्रमिक आयमा अग्रिम कर कट्टीका सम्बन्धमा सुरु कार्यालयको निर्णय मिलेको देखिँदा सदर हुने ठहर्छ भन्ने राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०७०।६।३ को फैसला।

९. <u>**यस अदालतमा परेको पुनरावेदनमा ठुला करदाता कार्यालय काठमाडौंको पुनरावेदन जिकिर:**</u>

(क) **गत वर्षको नोक्सानी खर्चः-** करदाताले पेस गरेको आय विवरणमा आयकर ऐन, २०५८ को दफा २०(१)(ख) बमोजिम गत आ.व.बाट जिम्मेवारी सारेको व्यवसायको नोक्सानी भनी रु.२,५०,९५,७५,३९८।- कट्टी गरेको तर गत आर्थिक वर्ष २०६२/०६३ को यस कार्यालयबाट संशोधित कर निर्धारण हुँदा सो आ.व.को लागि रु.३३,२०,८६,९१५।- करयोग्य आय कायम भएको देखिएकोले उक्त कट्टी दाबी गरेको नोक्सानी रु.२,५०,९५,७५,३९८।- आयकर ऐन, २०५८ को दफा २०(१)(ख) बमोजिम कट्टी नपाउने गरी यस कार्यालयबाट भएको निर्णय कानूनसम्मत हुँदा राजस्व न्यायाधिकरण काठमाडौंको फैसला बदरभागी छ।

(ख) **बैङ्कले आर्थिक वर्ष २०६३/०६४ मा** स्वीकृत अवकाश कोष तथा अवकाश प्राप्त कर्मचारीलाई भुक्तानी गरेको रकम रु.२,५२,४६,९५,९३५।- खर्च कट्टी दाबी गरेको देखिन्छ। त्यस्तो भुक्तानी रकम यस आ.व.को नभई विगत वर्षहरुमा नाफा नोक्सान शिर्षकमा खर्च लेखेको अनुसूची-७ को दायित्वमा रहेको रकम भएको देखियो। विगत वर्षहरुमा नाफा नोक्सान हिसाब खर्च लेखी व्यवस्था गरेको रकम यस वर्ष अवकाश कोषमा पठाएको र सोही आधारमा खर्च कट्टी दाबी गरेको देखियो। आयकर ऐन, २०५८ को दफा १३ अनुसार यस आयवर्षमा भएको खर्च मात्र करदाताले कट्टी पाउने भएकाले विगत वर्षमा भएको खर्च ऐनको उक्त दफाबमोजिम खर्च कट्टी पाउने देखिँदैन। तसर्थ, विगत वर्षमा भएको खर्च रु.२,५२,४६,९५,९३५।- कर कट्टी गर्न नपाउने गरी सुरु कार्यालयबाट भएको

निर्णय कानूनसम्मत हुँदा राजस्व न्यायाधिकरण काठमाडौंको फैसला बदरभागी छ।

१०. यसमा २०६०/०६१ को कर निर्धारणउपर परेको पुनरावेदनमा राजस्व न्यायाधिकरणबाट भएको फैसलामा चित्त नबुझाई करदात तथा ठुला करदाता कार्यालय समेतको परेको निवेदनमा आजै पुनरावेदनको अनुमति प्रदान भएको र उक्त आ.व.को कर निर्धारण सम्बन्धी विवादहरु यस निवेदनमा समेत अन्तरप्रभावी हुँदा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८(ख)(घ) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ६५(३) बमोजिम पुनरावेदन दर्ता गर्ने अनुमति प्रदान गरिदिएको छ भन्ने समेत बेहोराको यस अदालतको मिति २०७४।१०।२६ को आदेश।

११. <u>**यस अदालतमा परेको पुनरावेदनमा राष्ट्रिय बाणिज्य बैङ्कको पुनरावेदन जिकिरः**</u>

(क) **लेखा परीक्षण कार्यमा भएको खर्चको स्रोतमा कर कट्टी सम्वन्धमाः** आर्थिक वर्ष २०६३/०६४ को लागि लेखा परीक्षण शुल्क र लेखा परीक्षण खर्च भनी १७,३४,२६६।७३ मा खर्च दाबी गरेकोमा सो मध्ये रु.९,५०,०००।- मा मात्र अग्रिम कर कट्टी गरी दाखिला गरेको र अग्रिम कर कट्टी गर्न बाँकी लेखा परीक्षण खर्च रु.७,८४,२६६।७३ मा आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम १५ प्रतिशतका दरले हुन आउने कर रु.१,१७,६४०।-, ऐ.दफा ११९ बमोजिमको ब्याज (२०६४ श्रावणदेखि २०६८ आश्विनसम्म) रु.७४,९९५।- र ऐ.दफा १२०(क) बमोजिमको उक्त रकमको ५० प्रतिशत शुल्क रु.५८,८२०। समेत जम्मा रु.२,५१,४५५।- दाखिला गर्न कर निर्धारण आदेश जारी भएको त्रुटिपूर्ण छ। लेखा परीक्षण शुल्कमा स्रोतमा कर कट्टी गरिएको छ। दैनिक तथा भ्रमण भत्ता, हवाई जहाजको टिकट लगायत अन्य यातायात खर्च र मसलन्द खर्च लगायतको वास्तविक कर परीक्षण खर्चमा प्रचिलत कानूनबमोजिम स्रोतमा कर कट्टी गर्नु नपर्ने भएकोले कर कट्टी नगरिएको हो। त्यस्तो खर्चमा स्रोतमा कर कट्टी गर्ने कानून प्रावधान नरहेकोले सुरु कार्यालयको फैसला सदर गर्ने गरेको राजस्व न्यायाधिकरणको फैसला त्रुटिपूर्ण छ।

(ख) **कर्मचारीलाई सहुलियत दरमा सापटी दिएको रकममा अग्रिम करः-** बैङ्कले कर्मचारीबाट असुल गरेको ब्याज रकम र अन्य कर्जामा असुल गरेको ब्याजको

औसत दर बिचको फरक दरले हुने ब्याज रकम रु.१०,३१,९८,६५७।- कर्मचारीको आयमा समावेश गरी आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम पारिश्रमिक करको गणना गर्दा (विशेष शुल्क १.५ प्रतिशत र करको दर २५ प्रतिशतसमेत जम्मा २६.५ प्रतिशत दरले) हुन आउने अग्रिम कर रु.२,७३,४७,६४४।- सोमा सोही ऐनको दफा ११९ बमोजिम लाग्ने ब्याज रु.१,७४,३४,१२३।- र सोही ऐनको दफा १२०(क) ले हुने ५० प्रतिशत शुल्क रु.१,३६,७३,८२२।- समेत जम्मा रु.५,८४,५५,५८९।- अग्रिम कर दाखिला गर्न भनिएको त्रुटिपूर्ण छ। कर्मचारीहरुका लागि घोपित हितकारी योजनामा दिइएको कर्जालाई बैङ्कले अन्य कर्जाहरुमा असुल गरेको ब्याजसँग तुलना गर्न मिल्ने होइन। तुलना गरी औषत ब्याज दर निकाल्ने व्यवस्था कानूनमा छैन। यसरी कानूनमा व्यवस्था नभएको विषयमा मनोगत ढंगले कर्मचारी हितका लागि दिइएको सुविधामा अन्य कर्जाहरुमा सरह ब्याज नलिएको भन्ने त्रुटिपूर्ण छ।

(ग) **राजस्व न्यायाधिकरणबाट भएको मिति २०७०।६।३ फैसलाको बुँदा नं.१६ का हकमाः** कर निर्धारण सूचनामा उल्लिखित रु.५,१९,९६,८५६।- मा कर्मचारी पोसाक खर्चको सोधभर्ना बापतको रकममा समेतमा कर लगाई समावेश गरिएकोले सोको कर बापत रु.३३,६९,३१८।६७ घटाई हुन आउने रकम रु.४,८६,२७,५२७।३३ मा औषधी उपचार कर मिलान बापत रु.२२९४२५०।- घटाउँदा हुन आउने रु.४,६३,३३,२८७।३३ मध्ये रु.३,७५,३५,५७२।३० भुक्तानीको कर्मचारीगत विवरण उपलब्ध रहेको छ र एकीकृत तलबी विवरणमा रु.८७,९७,७१५।०२ कम दाखिला भएको देखाइएको छ। तर कर भुक्तानीतर्फ कुल दाखिला रु.५,६५,२४,१८६।३१ मा स्थायी कर्मचारी, अवकाश प्राप्त कर्मचारी, व्यवस्थापन समूहको सदस्यहरु र अन्यको कर दाखिला बापत क्रमशः रु.३,६०,२१,५७५।२५, रु.१५,१३,९९७।०५, रु.८,६१,०६१८।८९ र रु.१५,८०,२८०।१० घटाउँदा रु.८७,९७,७१५।०२ बाँकी हुन आउँछ। जसमध्ये रु.७८,०१,८२१।४३ सामान्य रुपमा भुक्तानी भई सकेको थियो। र नपुग रुकम रु.९,९५,८९३।५९ कर लेखा परीक्षणपश्चात् आय विवरण पेस गर्ने समयमै भुक्तानी गरिएको थियो। यसरी कर्मचारी तलबी

विवरण अनुसार नपुग रुकम रु.८६,९७,७१५।०२ भुक्तानी भइसकेकोले कर्मचारी पारिश्रमिक आयमा कर कट्टी रकमको दायित्व नरहेको व्यहोरा अनुरोध छ। कर्मचारीको पारिश्रमिक आयमा कम कर कट्टी भएको निर्णय त्रुटिपूर्ण हुँदा बदरभागी छ।

(घ) **आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिमको शुल्कः-** बैङ्कले २०६३/०६४ को वित्तीय विवरणहरुको प्रचलित कानूनबमोजिम महालेखा परीक्षकबाट लेखा परीक्षण गरिएको छ। सो आ.व.को स्वयं कर निर्धारणसमेत स्वतन्त्र कर परीक्षकबाट प्रमाणित गरिएको छ। बैङ्कले सही सूचना उपलब्ध गराउँदा गराउँदै ऐनको दफा १२०(क) बमोजिम झुट्टा एवम् भ्रामक विवरण पेस गरेमा लगाइने शुल्क संशोधित कर निर्धारण बमोजिमको आयकर तथा स्रोतमा कर कट्टी रकमको ५० प्रतिशत हुन आउने रकम शुल्क बुझाउने आदेश दिएको छ। बैङ्कलाई त्यसरी शुल्क लगाउनु पर्ने कुनै आधार र कारण नभएकोले प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिइएकोमा विभाग र राजस्व न्यायाधिकरणबाट समेत सोही निर्णय सदर गरिएको त्रुटिपूर्ण रहेको छ।

१२. यसमा आर्थिक वर्ष २०६०/०६१ को कर निर्धारणउपर परेको पुनरावेदनमा राजस्व न्यायाधिकरणबाट भएको फैसलामा चित्त नबुझाई करदाता तथा ठुला करदाता कार्यालयको समेत निवेदनमा आजै पुनरावेदनको अनुमति प्रदान भएको र उक्त आ.व.को कर निर्धारण सम्बन्धी विवादहरु यस निवेदनमा समेत अन्तरप्रभावी हुँदा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८(ख)(घ) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ६५(३) बमोजिम पुनरावेदन दर्ता गर्ने अनुमति प्रदान गरिदिएको छ भन्नेसमेत बेहोराको यस अदालतको मिति २०७४।१०।२६ को आदेश।

१३. यस अदालतबाट भएको आदेशानुसार दुबै पक्षका तर्फबाट पेस भएको बहसनोट मिसिल सामेल रहेको।

## <u>ठहर खण्ड</u>

१४. नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजात अध्ययन गरियो। पुनरावेदक राष्ट्रिय

बाणिज्य बैङ्कको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरु श्री बिष्णुप्रसाद कँडेल, श्री तारा प्रसाद तिमल्सिना, श्री ललितबहादुर बस्नेत, श्री इन्दिरा कार्की र श्री सपना शाहीले राष्ट्रिय बाणिज्य बैङ्कले २०६३/०६४ को लागि प्रचलित कानूनबमोजिम खुद नोक्सानी रु.४,५४,३९,१९,६३४।- उल्लेख गरी आय विवरण पेस गरेकोमा आयकर सम्बन्धी कानूनको त्रुटिपूर्ण व्याख्या गरी यस बैङ्कले दिएको विवरण विपरीत विभिन्न शिर्षकको रु.४९,०३,५१,६९९।- रकम कर योग्य आय कायम गरिएको छ। आय विवरणमा समावेश गरिएको विभिन्न शिर्षकका खर्च मध्ये लेखा परीक्षणमा खर्च भएको रकम खर्चमा अमान्य गरेको तथा कर्मचारीलाई प्रदान गरिएको सापटीको औषत ब्याज निकाली खुद आयमा समावेश गरेको तथा कर्मचारीको पोसाक खर्च लगायतका पारिश्रमिक आयमा समावेश गर्ने गरी ठुला करदाता कार्यालयबाट भएको निर्णय सदर गर्ने गरी राजस्व न्यायाधिकरण, काठमाडौंबाट भएको फैसला आयकर ऐन, २०५८, बैङ्क तथा वित्तीय संस्था ऐन, तथा अन्तर्राष्ट्रिय लेखामानसमेतको विपरीत हुँदा बदर गरी आर्थिक वर्ष २०६३/०६४ को कर निर्धारण प्रयोजनका लागि राष्ट्रिय बाणिज्य बैङ्कले पेस गरेको आय विवरण अनुसारको आय नै कायम गरिपाऊँ। साथै, बैङ्कलाई अनाहकमा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क लगाउने कार्यसमेत त्रुटिपूर्ण छ भनी बहस प्रस्तुत गर्नु भयो।

१५. प्रत्यर्थी ठुला करदाता कार्यालयका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवालीले स्वयं कर निर्धारण प्रणालीमा Randomly करदाताको विवरण परीक्षण गरिन्छ। कर कार्यालयले हेरेको बेला दाबी प्रमाणित गर्ने दायित्व करदाताको हो। तर कर परीक्षणको क्रममा पुनरावेदक बैङ्कको तर्फबाट सो दायित्व पूरा हुन सकेको अवस्था छैन। लेखा परीक्षण शुल्क र खर्चलाई अलग अलग मान्न सकिन्न। लेखा परीक्षण खर्च भनी बेग्लै खर्च दाबी गर्न मिल्दैन। कर्मचारीलाई दिइने निर्ब्याजी सहुलियत सापटी रकमले व्यवसाय प्रवर्द्धनमा सहयोग गर्ने देखिँदैन। त्यसैले त्यस्ता खर्च कट्टी नदिने गरी सुरु कार्यालयबाट भएको निर्णय कानूनसम्मत छ। तसर्थ, राजस्व न्यायाधिकरण काठमाडौंबाट सो शिर्षकको रकमको हकमा सो कार्यालयको निर्णय उल्टी गरेको मिलेको छैन। सो हदसम्म राजस्व न्यायाधिकरणको फैसला बदर गरिपाउँ भनी प्रस्तुत गर्नुभएको बहस सुनी राष्ट्रिय वाणिज्य बैंकका उपकार्यकारी अधिकृत तहका CA श्री विमल डंगोलसँग पनि

छलफल गरियो।

१६. यसमा पुनरावेदक राष्ट्रिय बाणिज्य बैङ्कले आर्थिक वर्ष २०६३/०६४ को लागि रु.४,५४,३९,१९,६३४।- खुद नोक्सानी कायम गरी आय विवरण पेस गरेकोमा प्रत्यर्थी ठुला करदाता कार्यालयले रु.४९,०३,५१,६९९।- लाई कर योग्य आय कायम गरी सो मध्ये लेखा परीक्षणमा खर्च भएको रकम खर्चमा अमान्य गरेको तथा कर्मचारीलाई प्रदान गरिएको सापटीको औषत ब्याज निकाली खुद आयमा समावेश गरेको र कर्मचारीको पोसाक खर्च लगायतमा पारिश्रमिक आयमा समावेश गरी पारिश्रमिक कर लगाउने गरी भएको निर्णय भएउपर पुनरावेदक बैङ्कको तर्फबाट आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन परेकोमा आन्तरिक राजस्व विभागबाट सुरु ठुला करदाता कार्यालयको निर्णय सदर भएको देखिन्छ। पुनरावेदक बैङ्कको तर्फबाट सो प्रशासकीय पुनरावलोकन उपर राजस्व न्यायाधिकरण काठमाडौँमा पुनरावेदन परेकोमा राजस्व न्यायाधिकरण काठमाडौँबाट नोक्सानी रकमको हकमा सुरु कार्यालयको निर्णय उल्टी गरी सो खर्च कट्टी दिनु पर्ने तथा पेन्सन र उपदान कोषको रकमको हकमा आन्तरिक राजस्व विभागबाट मिति २०७०।३।३१ मा खर्च कट्टी दिने गरी निर्णय भएकोले सो अनुरुप गर्न लेखी पठाउने र अन्य शिर्षकको हकमा सुरु कार्यालयको निर्णय नै सदर गर्ने गरी भएको फैसलाउपर चित्त नबुझाई ठुला करदाता कार्यालय तथा राष्ट्रिय बाणिज्य बैङ्कको पुनरावेदन गर्ने अनुमति पाउँ भनी निवेदन परेकोमा यस अदातलबाट मिति २०७४।१०।२६ मा पुनरावेदन दर्ता गर्ने अनुमति प्रदान भएपश्चात् दुबै निवेदनहरु पुनरावेदनको रोहमा दर्ता भई विभिन्न मितिमा सुनुवाई हुँदै आज निर्णय सुनाउने प्रयोजनका लागि इजलाससमक्ष पेस हुन आएको पाइयो।

१७. उल्लिखित तथ्य एवम् जिकिर भएको प्रस्तुत मुद्दामा दुबै पक्षका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरु तथा विद्वान् उपन्यायाधिवक्ताको तर्कपूर्ण बहस सुनी पेस हुन आएको बहसनोट समेत अध्ययन गरी राजस्व न्यायाधिकरण काठमाडौँको फैसला मिलेको छ छैन? पुनरावेदकहरुको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

१८. अव निर्णयतर्फ विचार गर्दा, प्रथमतः ठुला करदाता कार्यालयको पुनरावेदनमा जिकिर

लिईएको गत आ.व.को नोक्सानी रकम रु.२,५०,९५,७५,३९८।- का सम्बन्धमा हेर्दा, कर फछ्र्यौट आयोग र प्रत्यर्थी बैङ्कबिच मिति २०६४।२।३१ मा भएको सम्झौता अनुसार आ.व.०५९/०६० को नोक्सानी रकमको हकमा खर्च कट्टी दिनुपर्ने खर्च कट्टी नदिने गरी भएको सुरु कार्यालयको निर्णय उल्टी हुने ठहरी राजस्व न्यायाधिकरण काठमाडौँबाट फैसला भएको देखिन्छ। आर्थिक वर्ष २०५९/०६० को हकमा सो शिर्षकका सम्बन्धमा राजस्व न्यायाधिकरणबाट भएको फैसलाउपर पुनरावेदक ठुला करदाता कार्यालयको पुनरावेदनसमेत नपरी सो फैसलालाई स्वीकार गरेको देखिन्छ। सोही आर्थिक वर्ष २०५९/०६० को फैसलाको आधारमा खर्च कट्टी पाउने भनी राजस्व न्यायाधिकरण काठमाडौँले आर्थिक वर्ष २०६०/०६१, २०६१/०६२, २०६२/०६३ र यस आ.व.को नोक्सानी रकमसमेत खर्च कट्टी नदिने पुनरावेदक सुरु कार्यालयको निर्णय उल्टी गरेको देखियो। आयकर ऐन, २०५८ को दफा २० बमोजिम त्यस्तो नोक्सानी रकम खर्चमा कट्टी गर्न पाउने नै देखिन्छ। त्यस्तो नोक्सानी रकम खर्चमा कट्टी गर्न नपाउने कुनै आधार र कारण भए खुलाई स्पष्ट जिकिर लिई राजस्व न्यायाधिकरणबाट भएको फैसलाको खण्डन गर्नुपर्नेमा पुनरावेदक ठुला करदाता कार्यालयले त्यस्तो जिकिर लिन सकेको देखिएन। आर्थिक वर्ष २०६०/०६१, २०६२/०६३ को आयकर मुद्दामा यस शिर्षकमा भएको फैसला सदर हुने ठहरी आज यसै इजलासबाट फैसलासमेत भएको पाइन्छ। यस स्थितिमा एकरुपताको दृष्टिले समेत सुरु कार्यालयबाट भएको निर्णय उल्टी गर्ने ठहर गरेको राजस्व न्यायाधिकरण काठमाडौँको फैसला मिलेको देखिँदा पुनरावेदक ठुला करदाता कार्यालयको पुनरावेदन जिकिर पुग्न सक्ने देखिएन।

१९. पेन्सन तथा उपदान कोष लगायतका स्वीकृत अवकाश कोषहरुको खर्च रु.२,५२,४६,९५,९३५।- कट्टी नपाउने भनी सुरु कार्यालयबाट भएको निर्णयका सम्बन्धमा विचार गर्दा, यसै शिर्षकमा आन्तरिक राजस्व विभागले मिति २०७०।३।३१ मा खर्च कट्टी दिनुपर्ने गरी संशोधित कर निर्धारण गर्न ठुला करदाता कार्यालयलाई आदेश दिने गरी भएको निर्णय उद्धृत गर्दै राजस्व न्यायाधिकरण काठमाडौँले त्यस्तो रकम खर्चको रुपमा कर निर्धारण गर्नु भनी ठुला करदाता कार्यालयमा लेखी पठाई दिनु भनी निर्णय गरेको देखिन्छ। राजस्व न्यायाधिकरण काठमाडौँको सो फैसलाउपर पुनरावेदक ठुला करदाता कार्यालयको पुनरावेदन परेकोमा राजस्व न्यायाधिकरणबाट प्रस्तुत शिर्षकको फैसला

सदर हुने ठहरी आज यसै इजलासबाट फैसला भएको पाइन्छ। विभिन्न आ.व.मा एउटै शिर्षकमा विभिन्न किसिमको निर्णय हुनु न्यायोचित हुँदैन। आर्थिक वर्ष २०६४/०६५ को हकमा सोही शिर्षकमा खर्च कट्टी दिने र अन्य आ.व.मा सोही शिर्षकमा खर्च कट्टी दिन नमिल्ने भन्ने निर्णयका पछाडि कुनै निश्चित कानूनी व्यवस्था वा सिद्धान्तसमेत देखिन आउँदैन। यस स्थितिमा आन्तरिक राजस्व विभागले आर्थिक वर्ष २०६४/०६५ को अवकाश कोषको हकमा गरेको निर्णयबमोजिम यस आ.व.मा अवकाश कोषमा दाखिला भएको रकम विगत आय वर्षहरुमा आयकर प्रयोजनका लागि खर्च कट्टी नलिएको वा नदिएको भए सो रकम खर्चको रुपमा कर निर्धारण गर्नु भनी ठुला करदाता कार्यालयमा लेखी पठाई दिनु भनी राजस्व न्यायाधिकरण काठमाडौंबाट भएको फैसला मिलेकै देखिँदा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्ने देखिएन।

२०. अव पुनरावेदक राष्ट्रिय वाणिज्य बैंकले पुनरावेदनमा लिएको जिकिर मध्ये प्रथमतः लेखा परीक्षण खर्चका सम्बन्धमा विचार गर्दा, पुनरावेदक बैङ्कले लेखा परीक्षण शुल्क तथा लेखा परीक्षण खर्च भनी रु.१७,३४,२६६।७३ खर्च दाबी गरेकोमा रु.९,५०,०००।- को मात्र अग्रिम कट्टी गरी दाखिला गरेको देखियो। लेखा परीक्षणसँग सम्बन्धित अन्य खर्चहरु लेखा परीक्षण कार्य सम्पन्न गर्नका लागि भुक्तानी गरिने भएकाले एकमुष्ट रुपमा लेखा परीक्षण गर्न सम्झौता भएकोले यस्ता रकमहरु समावेश भएको कुल रकममा नै अग्रिम आयकर कट्टी गरी दाखिला गर्नुपर्नेमा सो नगरेकाले अग्रिम कट्टी गर्न बाँकी लेखा परीक्षण खर्च रु.७,८४,२६६।७३ को हुने ऐनको दफा ११९ र दफा १२०(क) ब्याज र शुल्क जोडी रु.२,५१,४५५।- दाखिला गर्नुपर्ने भनी सुरु कार्यालयबाट निर्णय भएकोमा पुनरावेदक बैङ्कले लेखा परीक्षण गर्नका लागि बैङ्कले एकमुष्ट रुपमा सम्झौता गरेको होइन छैन। महालेखा परीक्षकबाट सहायक लेखा परीक्षकको शुल्क तोकिने र लेखा परीक्षणको क्रममा हुने भ्रमण खर्च लगायतका खर्च बैङ्क आफैंले वेहोर्नु पर्ने भनी सम्झौता गरिन्छ। सो खर्च रु.७,८४,२६६।७३ आ.व.०६३/०६४ को लागि लेखा परीक्षणको क्रममा बैङ्कले दैनिक भ्रमण भत्ता, हवाई जहाज तथा अन्य यातायातको साधनको खर्च रहेकोले र त्यस्तो खर्चमा स्रोतमा कर कट्टी गर्नु नपर्ने भएकोले करकट्टी नगरिएको हो भन्ने जिकिर लिएको देखिन्छ। पुनरावेदक बैङ्कको २०६३/०६४ को वित्तीय विवरण हेर्दा लेखा परीक्षण खर्चमा लेखा परीक्षण शुल्क र अन्य खर्चलाई बेग्ला बेग्लै उल्लेख गरेको पाइन्छ। आर्थिक वर्ष

२०६३/०६४ को कर लेखा परीक्षणमा पनि उल्लिखित रु.७,८४,२६६।७३ लाई अन्य खर्च शिर्षकमा उल्लेख गरी कट्टी हुने खर्चकै रुपमा औंल्याएको देखिन्छ। पुनरावेदक बैङ्कले सुरु कार्यालयमा जवाफ पेस गर्दा पनि उल्लिखित रु.७,८४,२६६।७३ लेखा परीक्षणको क्रममा दैनिक भ्रमण भत्ता, अन्य भ्रमण खर्च तथा मसलन्द खर्च लगायतका बिल भरपाईको आधारमा भएको खर्चहरु भएको भनी जवाफ दिएको देखिन्छ। यद्यपि, प्रत्यर्थी सुरु कार्यालयबाट सो सम्बन्धमा नबोली उल्लिखित खर्च रकमको १५ प्रतिशत कर निर्धारण गरी ऐ.दफा ११९ बमोजिमको ब्याज र ऐ.दफा १२०(क) शुल्कसमेत गरी रु.२,५१,४५५।- दाखिला गर्न आदेश दिएको देखियो। सो आ.व.को लेखा परीक्षक नियुक्ति सम्झौता हेर्दा महालेखा परीक्षकले सहायक लेखा परीक्षक नियुक्ति गरी निजहरुको शुल्क तोकिदिने तथा लेखा परीक्षणको क्रममा हुने भ्रमण खर्च तथा सवारी साधन खर्च लगायतका खर्चहरु बैङ्क स्वयंले बेहोर्नु पर्ने देखिन्छ। लेखा परीक्षण शुल्कमा पुनरावेदक बैङ्कले स्रोतमा कर कट्टी गरेकै देखिन्छ। यस दृष्टिले यस्ता खर्चलाई पुनरावेदक बैंकको कारोबारसँग सम्बन्धित खर्चको रुपमा नै लिनु पर्ने हुन्छ। आयकर ऐन, २०५८ को परिच्छेद-१७ को दफा ८८(१) मा दैनिक भ्रमण भत्ता, हवाईजहाज तथा अन्य यातायातको साधन प्रयोगमा भएको खर्चमा स्रोतमा कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको देखिँदैन। यस अवस्थामा पुनरावेदक बैङ्कले गरेको त्यस्तो खर्चलाई कट्टी दिनुपर्नेमा खर्च कट्टी अमान्य गरी ब्याज र शुल्कसमेत जोडी कर निर्धारण गरी सुरु कार्यालयबाट भएको निर्णयलाई कानूनसम्मत मान्न मिल्ने नदेखिँदा सुरु कार्यालयबाट भएको सो निर्णय सदर गर्ने गरी राजस्व न्यायाधिकरणबाट भएको फैसला उल्टी भई सो रु. रु.२,५१,४५५।- पुनरावेदक बैंकले खर्च कट्टी पाउने देखियो।

२१. पुनरावेदक बैङ्कले कर्मचारीलाई सहुलियत ब्याज दरमा कर्जा प्रदान गरेको तर आयकर ऐन, २०५८ को दफा २७(१)(घ) अनुसार आयमा गणना गरी कर कट्टी गर्नुपर्नेमा आयमा समावेश गरेको नदेखिएकोले बैङ्कले कर्मचारीबाट असुल गरेको ब्याज र बैङ्कले अन्य कर्जामा असुल गरेको ब्याजको औसत दर बिचको फरक दरले हुने ब्याज रकम रु.१०,३१,९८,६५७।- कर्मचारीको आयमा समावेश गरी आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम पारिश्रमिक करको गणना गर्दा (विशेष शुल्क १.५ प्रतिशत र करको दर २५ प्रतिशतसमेत जम्मा २६.५ प्रतिशतका दरले) हुन आउने अग्रिम कर

रु.२,७३,४७,६४४।-, ऐनको दफा ११९ बमोजिमको ब्याज (२०६४ आश्विन देखि २०६८ आश्विन सम्म) रु.१,७४,३४,१२३।- र ऐनको दफा १२०(क) बमोजिम सो करको ५९ प्रतिशतले हुने शुल्क रु.१,३६,७३,८२२।- समेत जम्मा रु.५,८४,५५,५८९।- दाखिला गर्न आदेश दिने भनी सुरु कार्यालयबाट निर्णय भएकोमा कर्मचारीलाई प्रदान गरेको कर्जा सुविधा निर्ब्याजी होइन, नेपाल राष्ट्र बैङ्कबाट स्वीकृत विनियमावलीबमोजिम नै कर्मचारीलाई कार्यप्रति जागरुक र उत्प्रेरित गर्न घोषित हितकारी योजना अन्तर्गत दिइएको कर्जामा व्यवसाय प्रवर्द्धन हुन नसक्ने भनी लिएको निर्णयाधार त्रुटिपूर्ण छ, कर्मचारीलाई दिइएको कर्जा निर्ब्याजी होइन कर्जा रकम बराबरको जीवन बीमा गराई प्राप्त हुने Endowment रकम सम्बन्धित कर्जामा जम्मा हुने र बोनस रकममध्ये ७५ प्रतिशत कर्मचारीलाई र २५ प्रतिशत बैङ्कको आम्दानी हुने र बीमा नगरेको कर्जाको हकमा ४ प्रतिशत ब्याज लिने गरिएको छ भन्ने पुनरावेदक बैङ्कको जिकिर रहेको देखिन्छ। कर्मचारीलाई दिइएको ऋण र सापटी रकमको हकमा कानूनमा उल्लेख नभएको औसत ब्याज दर निकाली सो ब्याज पुनरावेदक बैङ्कको खुद आयमा समावेश गर्ने गरी सुरु कार्यालयबाट भएको निर्णय सदर गर्ने ठहर गरेको राजस्व न्यायाधिकरणको फैसला उल्टी गरी त्यस्तो कर्मचारीलाई दिइएको ऋण र सापटी रकम पुनरावेदक बैङ्कको खर्चमा समावेश हुने गरी २०५९/०६०, २०६०/०६१, २०६१/०६२ तथा २०६२/०६३ को आयकर मुद्दामा आज यसै इजलासबाट फैसला भएकोले प्रस्तुत आ.व.को हकमा समेत सोही आयकर मुद्दाहरुमा विवेचित आधार, कारण र कानूनी व्यवस्थाबमोजिम कर्मचारीलाई दिइएको ऋण र सापटी रकममध्ये बैङ्कले कर्मचारीबाट असुल गरेको ब्याज र बैङ्कले अन्य कर्जामा असुल गरेको ब्याजको औसत दर बिचको फरक दरले हुने ब्याज निकाली सो ब्याज रकमको २६.५ प्रतिशतले हुने अग्रिम कर निर्धारण गरी सो रकममा थप ब्याज र शुल्कसमेत जोडी जम्मा रु.५,८४,५५,५८९।- पुनरावेदक बैङ्कले दाखिला गर्नुपर्ने भनी प्रत्यर्थी सुरु ठुला करदाता कार्यालयबाट भएको निर्णय सदर गर्ने ठहर गरेको राजस्व न्यायाधिकरणको फैसला मिलेको नदेखिएकोले उल्टी हुने भई उल्लिखित रु.५,८४,५५,५८९।- पुनरावेदक बैंकको आयमा समावेश हुने देखिएन।

२२. अग्रिम कर अन्तर्गत पोसाक खर्च बापतको रु.२,५३,४०,५७०।- कर्मचारीहरुको रोजगारीको आयकर ऐन, २०५८ दफा ८७ बमोजिम आयमा समावेश गरी कर कट्टी

गरेको देखिएन। करदाता बैङ्कले कर्मचारीलाई भुक्तानी गरेको र आयकर ऐन, २०५८ को दफा ८ बमोजिम पारिश्रमिक आयमा समावेश हुने तलब, भत्ता लगायतका अन्य भुक्तानीलाई सम्बन्धित कर्मचारीको आयमा समावेश गरी सोही ऐनको दफा ८७ बमोजिम पारिश्रमिक आयमा रु.५,१९,९६,८५६।- करकट्टी गरी दाखिला गर्नुपर्नेमा उक्त रकममध्ये रु.३,७५,३५,५७२।- दाखिला गरेकोले करकट्टी नगरेको मध्ये रु.१,३४,६५,२४०।- को ऐनको दफा ११९ बमोजिमको ब्याज ऐ.दफा १२०(क) बमोजिमको शुल्क समेत गरी रु.२,८७,८१,९५१।- दाखिला गर्न भनी सुरु कार्यालयबाट निर्णय भएको देखिएकोमा पुनरावेदक बैङ्कको पोसाक शिर्षकका केही रकम दाखिला गरिएको र केही दाखिला हुन बाँकी रहेको तथा कर्मचारीको पारिश्रमिक आयमा करकट्टी भइसकेकोले सो दायित्व बाँकी नरहेको भन्ने जिकिर लिए पनि सुरु कार्यालयबाट प्राप्त सूचनामा दिएको जवाफमा पोसाक कर्मचारीहरुले आफैं खरिद गरेकोमा सोधभर्ना बापत रकम दिइएको भन्ने उल्लेख गरेको देखिन्छ। त्यसो सोधभर्ना रकममा आयकर ऐन, २०५८ को दफा ८(२)(ग) बमोजिम आयमा गणना हुने नै देखिन्छ। साथै, पारिश्रमिक आयमा अग्रिम करकट्टी गरी दाखिला गरिएको र दायित्व नरहेको भन्ने पुनरावेदकको जिकिर रहे पनि सो अग्रिम कर रकम के कुन मितिमा के कुन तवरले दाखिला भएको हो सो दर्शिने वस्तुनिष्ठ प्रमाण दाखिला भएको मिसिल र सोसाथ संलग्न रहेको प्रमाण फाइलहरुबाट देखिएन। यस अवस्थामा सुरु कार्यालयबाट उल्लिखित कर दाखिला गर्ने भनी भएको निर्णयलाई सदर गर्ने ठहर गरेको राजस्व न्यायाधिकरण काठमाडौंको फैसला मिलेको देखियो।

२३. अतः माथि उल्लिखित आधार, कारण र कानूनी व्यवस्थाबमोजिम सुरु ठुला करदाता कार्यालयले पुनरावेदक बैङ्कको खर्च कट्टी नपाउने भनी कर निर्धारण गरी ब्याज र शुल्क लाग्ने गरी  गरेको निर्णय सदर गर्ने गरी राजस्व न्यायाधिकरण काठमाडौंबाट मिति २०७०।६।३ मा भएको फैसला लेखा परीक्षण खर्च र कर्मचारीलाई सहुलियत दरमा प्रदान गरेको कर्जाको ब्याजको हकमा मिलेको नदेखिंदा उल्टी हुने ठहर्छ। सो शिर्षकमा निर्धारित कर, ब्याज र शुल्कसमेत मिन्हा हुन्छ। सोको जानकारी प्रत्यर्थी ठुला करदाता कार्यालयलाई दिनू। सो बाहेक सुरु कार्यालयले गरेको निर्णय सदर गर्ने ठहर गरेको राजस्व न्यायाधिकरण काठमाडौंको फैसला मिलेको देखिंदा सदर हुने ठहर्छ। गत वर्षको नोक्सानी रकम शिर्षक र पेन्सन तथा उपदान कोषको रकमको हकमा पुनरावेदक ठुला करदाता

कार्यालय तथा पोसाक खर्च तथा पारिश्रमिक आयमा करकट्टी सम्बन्धमा पुनरावेदक बैङ्कको जिकिर पुग्न सक्तैन। प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नुका साथै फैसलाको विद्युतीय प्रति यस अदालतको कम्प्युटर सफ्टवेयर प्रणालीमा प्रविष्ट गरी मिसिल अभिलेख फाँटमा बुझाई दिनू।

(सुष्मालता माथेमा)
न्यायाधीश

उक्त रायसँग सहमत छु।

(प्रकाशमान सिंह राउत)
न्यायाधीश

इजलास अधिकृतः- किरण सिंह
कम्प्युटर अपरेटरः- मन्जिता ढुंगाना
इति सम्वत २०७९ साल फागुन ८ गते रोज २ शुभम् ..........................................